
# बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप प्रणाली

## ~निर्दिष्ट प्राविधिक सीपमा आउने लक्ष्य भएका व्यक्तिहरुको लागि~



**एट ग्लोबल कम्पनी**

**(स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयबाट सुम्पिइएको प्रोजेक्ट)**

# परिचय

सन् 2019 अप्रिल देखि बसोबास योग्यता “निर्दिष्ट प्राविधिक सीप”-को सञ्चालन सुरु भयो, “निर्दिष्ट प्राविधिक सीप”-मा काम गर्न सकिने क्षेत्र अहिले 12 वटा छन् र बिल्डिंग क्लिनिंग क्षेत्रमा 2024 देखि 5 वर्षमा अधिकतम 37 हजार जनालाई स्वीकार गर्ने अपेक्षा गरिएको छ।

यस गाइडबुकको संरचना यसप्रकार छ:

1. "निर्दिष्ट प्राविधिक सीप"-को विशेषता
2. बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप (1)”- अन्तर्गत काम गर्नको लागि
3. बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप (1)"
4. जापानमा प्रवेश गर्न र जीवनयापन गर्नको लागि दिइने सपोर्टको परिचय

निर्दिष्ट प्राविधिक सीप प्रणाली र बिल्डिंग क्लिनिंग क्षेत्रको कामबारे बुझ्नको लागि यो गाइडबुक उपयोगी छ भन्नेमा हामी आशावादी छौँ।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयबाट सुम्पिइएको प्रोजेक्ट
“बिल्डिंग क्लिनिंग क्षेत्रमा विदेशी मानव संसाधन स्वीकार गर्ने प्रणालीलाई अनुकूल पार्न गरिने सर्वेक्षण”
रेइवा 6 सालमा प्रोजेक्ट सुम्पिइएको कम्पनी एट ग्लोबल

# विषयसूची

**1बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप" .... 4**
1.1 "निर्दिष्ट प्राविधिक सीप (1)" को विशेषता .... 4
1.2 "निर्दिष्ट प्राविधिक सीप (2)" को विशेषता .... 4

**2 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप(1)" अन्तर्गतअन्तर्गत काम गर्नको लागि .... 5**
2.1 "निर्दिष्ट प्राविधिक सीप (1)” अन्तर्गत काम गर्नका लागि सर्तहरु .... 5
2.2 कम्पनीमा प्रवेश गर्दा सम्मको प्रक्रिया .... 6

**3 बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप" .... 9**
(1) सफा गर्ने स्थान .... 9
(2) सफा गर्ने तरीका .... 10
(3) क्यारियर उन्नति .... 11
(4) बिल्डिंग क्लिनिंगको काम गर्नेहरूको भनाइ .... 12
(5) काम खोज्ने तरिका .... 12
(6) जापानी भाषा परीक्षा र बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षासम्बन्धी जानकारी .... 13
(7) बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षाको तयारी गर्ने तरिका .... 14
(8) बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षाको विवरण .... 15

**4 जापानमा प्रवेश गर्न र जीवनयापन गर्नको लागि दिइने सपोर्टको परिचय .... 18**

**5 अन्त्यमा .... 19**

# 1 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप"

## 1.1 "निर्दिष्ट प्राविधिक सीप (1)" को विशेषता

1. निर्दिष्ट प्राविधिक सीप भनेको यस्तो बसोबास योग्यता हो, जुन जापानले सामना गरेको गम्भीर जनशक्ति अभावलाई समाधान गर्ने उद्देश्यले एउटा निश्चित स्तरको विशेषज्ञता र सीप भएका अनि दक्ष कामदारको रूपमा काम गर्न तयार भएका विदेशीहरूलाई रोजगार प्रदान गरिन्छ। निर्दिष्ट प्राविधिक सीप (1) र (2) दुई प्रकारका छन्।
2. तपाईंले बिल्डिंग क्लिनिंग क्षेत्रमा प्राविधिक प्रशिक्षण (2)-सम्म पूरा गरेको खण्डमा निर्दिष्ट प्राविधिक सीप(1) प्राप्त गर्न सर्तहरू पूरा गरेको ठहरिन्छ।
3. तपाईंले बिल्डिंग क्लिनिंग क्षेत्रमा प्राविधिक प्रशिक्षण (2) सम्म पूरा नगरेको खण्डमा, परीक्षा (प्राविधिक परीक्षा, जापानी भाषा परीक्षा) उत्तीर्ण गरेपछि मात्र "निर्दिष्ट प्राविधिक सीप (1)" प्राप्त गर्न सकिन्छ।[1]
4. निर्दिष्ट प्राविधिक सीप (1) पाएका व्यक्तिले बढीमा 5 वर्षसम्म काम गर्न सक्छन्। कम्पनी परिवर्तन गर्न पनि मिल्छ।

## 1.2 "निर्दिष्ट प्राविधिक सीप (2)" को विशेषता

1. तलका सर्तहरु पूरा गरेमा "निर्दिष्ट प्राविधिक सीप (1)" बाट "निर्दिष्ट प्राविधिक सीप (2)" मा स्थानान्तरण गर्न सकिन्छ।
    a. कामदार निर्देशन र साइट व्यवस्थापनको दुई वर्ष भन्दा माथिको अनुभव भएको हुनुपर्छ।
    b. बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (2) मूल्याङ्कन परीक्षा वा बिल्डिंग क्लिनिंग प्राविधिक सीप परीक्षण (तह 1) मा उत्तीर्ण उत्तीर्ण गरेको हुनुपर्छ।
2. निर्दिष्ट प्राविधिक सीप (2) अन्तर्गत काम गर्दा समयसीमा बिना काम गर्न सकिन्छ। जापानमा परिवारका सदस्यहरूलाई बोलाउने अनुमति पनि हुन्छ।

[1] कुनै प्राविधिक प्रशिक्षार्थीले एउटै कार्य क्षेत्रमा निर्दिष्ट प्राविधिक सीप (1) मा परिवर्तन गर्ने हो भने परीक्षा उत्तीर्ण भएको (प्राविधिक र जापानी भाषा दुवै) हुनु पर्दैन। तर प्राविधिक प्रशिक्षण पूरा गरेपछि फरक कार्य क्षेत्रमा निर्दिष्ट प्राविधीक सीप (1) को योग्यता अन्तर्गत काम गर्ने हो भने त्यही कार्य क्षेत्रको प्राविधिक परीक्षामा उत्तीर्ण भएको हुनुपर्छ।

# 2 बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप(1)" अन्तर्गतअन्तर्गत काम गर्नको लागि

## 2.1 "निर्दिष्ट प्राविधिक सीप (1)” अन्तर्गत काम गर्नका लागि सर्तहरु

निर्दिष्ट प्राविधिक सीप (1) अन्तर्गत काम गर्नका लागि निम्न मापदण्डहरू पूरा गर्नु आवश्यक छ।

1. उमेर 18 वर्ष वा सोभन्दा माथि हुनुपर्ने।
2. स्वास्थ्य स्थिति राम्रो हुनुपर्ने।
3. देश निकाला प्रक्रियामा समन्वय गर्ने विदेशी सरकारद्वारा जारी राहदानी पाएको हुनुपर्ने।
4. कुनै ग्यारेन्टी रकम वा अन्य अनुचित भुक्तानी संकलन नगरिएको हुनुपर्ने।
5. कुनै विदेशी संस्थालाई खर्च भुक्तान गरिरहेको खण्डमा, भुक्तान रकम र त्यसको विस्तृत विवरणबारे स्पष्ट रूपमा बुझेर संस्थासँग सहमति भएको हुनुपर्ने
6. जनशक्ति पठाउने देशमा पालना गर्नुपर्ने प्रक्रिया तोकिएको छ भने, ती प्रक्रियाहरू पूरा गरिएको हुनुपर्ने
7. खाना खर्च, आवास खर्च जस्ता नियमित रूपमा विदेशी कामदारले तिर्नुपर्ने खर्चबारे, त्यसको बदला प्राप्त हुने लाभहरूको विवरण स्पष्ट रूपमा बुझेर मात्र सहमति गरिएको हुनुपर्छ। साथै, ती खर्चहरूको रकम वास्तविक खर्च बराबर वा उपयुक्त रकम भएको र त्यसको विस्तृत विवरण रसीद आदी कागजपत्रमा प्रस्तुत गरिएको हुनुपर्छ।
8. क्षेत्रका विशेष मापदण्ड पूरा गर्नुपर्ने (* सम्बन्धित मन्त्रालयद्वारा तोकिएको नियम अनुसार)

## 2.2 कम्पनीमा प्रवेश गर्दा सम्मको प्रक्रिया

### (1) हाल जापानमा प्राविधिक प्रशिक्षार्थीको रूपमा काम गर्दै हुनुहुन्छ भने

परीक्षा दिने → जागिरको अन्तर्वार्ता → जापानमा बसोबास योग्यता परिवर्तनको प्रक्रिया → कम्पनीमा प्रवेश (निर्दिष्ट प्राविधिक सीप (1))



- बिल्डिंग क्लिनिंग क्षेत्रका प्राविधिक प्रशिक्षार्थीहरूले प्राविधिक प्रशिक्षण (2) राम्रोसँग पूरा गरेको खण्डमा जापानी भाषा परीक्षा तथा बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षा दुवै दिनु पर्दैन।
- बिल्डिंग क्लिनिंग क्षेत्रबाहेकका प्राविधिक प्रशिक्षार्थीले प्राविधिक प्रशिक्षण (2) राम्रोसँग पूरा गरेको खण्डमा जापानी भाषा परीक्षा उत्तीर्ण गर्नुपर्दैन तर बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षा उत्तीर्ण गरेर बिल्डिंग क्लिनिंग कम्पनीबाट नियुक्ति प्राप्त गर्नुपर्नेछ वा गर्नुपर्छ। हाल कार्यरत कम्पनीसँग राम्रोसँग सल्लाह गरेपछि मात्र परीक्षाको तयारी र अर्को जागिर खोज्ने काम सुरु गर्नुहोस्।

### (2) हाल बिदेशी विद्यार्थीको रूपमा जापानमा हुनुहुन्छ भने

परीक्षा दिने → जागिरको अन्तर्वार्ता → जापानमा बसोबास योग्यता परिवर्तनको प्रक्रिया → कम्पनीमा प्रवेश (निर्दिष्ट प्राविधिक सीप (1))



- अध्ययन समाप्ति पछि, जापानमा निर्दिष्ट प्राविधिक विदेशी कामदारको रूपमा काम गर्नका लागि, जापानी भाषा परीक्षा र बिल्डिंग क्लिनिङ क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षा पास गर्नु पर्नेछ र बिल्डिंग क्लिनिङ कम्पनीबाट नियुक्ति प्राप्त गर्नु पर्नेछ।

- अध्ययनका क्रममा गर्ने आंशिक समयको काम हप्तामा २८ घण्टाभित्र हुनुपर्छ। नियमहरू पालन गर्नुहोस् र भविष्यमा बसोबास योग्यता परिवर्तन गर्दा कुनै समस्या नआओस् भन्ने सुनिश्चित गर्नुहोस्!

## (3) यदि अहिले विदेशमा हुनुहुन्छ र प्राविधिक प्रशिक्षणको अनुभव भएका व्यक्ति हुनुहुन्छ भने

### बिल्डिंग क्लिनिंग क्षेत्रमा प्राविधिक प्रशिक्षण (2) पूरा गर्नुभएको थियो भने

कुनै परीक्षा दिनु पर्दैन → जागिरको अन्तर्वार्ता → जापानमा प्रवेश प्रक्रिया → जापानमा प्रवेश → कम्पनीमा प्रवेश (निर्दिष्ट प्राविधिक सीप (1))



- बिल्डिंग क्लिनिंग क्षेत्रको प्राविधिक प्रशिक्षण (2) समाप्त गरेर स्वदेश फर्किएपछि, यदि फेरि जापानको बिल्डिंग क्लिनिंग क्षेत्रमा काम गर्न चाहनुहुन्छ भने, "निर्दिष्ट प्राविधिक सीप(1)" अन्तर्गत पुनः काम गर्न सक्नुहुन्छ। यस अवस्थामा, परीक्षा आवश्यक छैन तर पुनः जापानमा प्रवेश प्रक्रिया आवश्यक छ।

### बिल्डिंग क्लिनिंग बाहेकको क्षेत्रमा प्राविधिक प्रशिक्षण (2) पूरा गर्नुभएको थियो भने

अध्ययन → परीक्षा दिने → जागिरको अन्तर्वार्ता → जापानमा प्रवेश प्रक्रिया → जापानमा प्रवेश → कम्पनीमा प्रवेश (निर्दिष्ट प्राविधिक सीप (1))



- बिल्डिंग क्लिनिंग क्षेत्र बाहेकका प्राविधिक प्रशिक्षण (2) समाप्त गरेका व्यक्तिहरूका लागि जापानी भाषा परीक्षा आवश्यक छैन। यद्यपि तिनी बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षामा उत्तीर्ण भएको हुनुपर्छ।

## (4) हाल विदेशमा हुनुहुन्छ र जापानमा काम गरेको अनुभव छैन भने




- जापानी भाषा परीक्षा र बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षा पास गर्नुहोस्। [2]


[2] यदि तपाईंको देशमा बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षा आयोजना हुँदैन भने, बसोबास योग्यता "छोटो अवधि बसोबास" मा जापान आउन र जापानमा परीक्षा दिन पनि सम्भव छ।

# 3 बिल्डिंग क्लिनिंग क्षेत्रको "निर्दिष्ट प्राविधिक सीप"

## (1)सफा गर्ने स्थान

सपिङ मल, अस्पताल, होटल आदि विभिन्न ठाउँहरूको सफाइ गर्छौं।

होटल




कार्यालय



मल



अस्पताल



## (2)सफा गर्ने तरीका

एक उदाहरणको रूपमा, भुइँपुछने र बढार्ने, झ्याल पुछने शौचालय र बेसिन सफा आदि समावेश छन्।








## (3)क्यारियर उन्नति

कम्पनी अनुसार विभिन्न क्यारियर उन्नतिको प्रक्रिया हुन्छ, उदाहरणका लागि तलका चित्र जस्ता कदमहरू विचार गर्न सकिन्छ।




## (4)बिल्डिंग क्लिनिंगको काम गर्नेहरूको भनाइ

**राष्ट्रियता: थाई (पुरुष)**



- हामी 2, 3 जना कामदारहरू सँगै सफाइ गर्ने साइट (कार्यालय भवन) मा जान्छौँ।
- साइटमा जान यातायातको लागि कम्पनीको कार प्रयोग गरिन्छ, त्यसैले यातायातको कुनै समस्या छैन
- म मेरो हालको तलबमा सन्तुष्ट छु।
- मैले बिल्डिंग क्लिनिंगको काम परिवर्तन गरेर अर्को काम गर्ने विचार गरेको छैन।

**राष्ट्रियता: भियतनामी (पुरुष)**



- मैले कम्पनी कर्मचारीद्वारा बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षाबारे थाह पाएँ र 2 हप्ता जति अध्ययन गरेपछि परीक्षा पास गर्न सकेँ।
- कम्पनीमा पुराना सहकर्मीहरूमा रमाइलो व्यक्तिहरू धेरै हुनुहुन्छ र काम पनि रमाइलो छ।
- म आफूमुनि काम गर्ने वा नयाँ सहकर्मीलाई काम सिकाउन छिटो सक्षम हुन चाहन्छु।

**राष्ट्रियता: म्यानमार (महिला)**



- म होटलमा सफाईको काम गर्छु।
- पार्टटाइम कामदारले सफाइ गरेपछि चेक गर्ने जिम्मेवारी मलाई दिइएको छ।
- अन्ततः इन्स्पेक्सन (निरीक्षण) को जिम्मेवारी हासिल गर्ने लक्ष्य राखेको छु।
- काम गर्ने साइटको म्यानेजर दयालु व्यवहार गर्नुहुन्छ र काम गर्दा रमाइलो हुन्छ।

## (5)काम खोज्ने तरिका

जापानका बिल्डिंग क्लिनिंग कम्पनीहरूले आफ्नो होमपेजआदी प्रयोग गरी रोजगार प्रस्ताव राख्ने गर्छन्। त्यसैले रुचि भएको कम्पनीमा आवेदन दिएर हेरौं। उदाहरणका लागि, ASCF ले पनि कम्पनीहरूसँग मेल खाने सहयोग प्रदान गर्दछ। (१५ पृष्ठ हेर्नुहोस्)। SNS आदीमा पनि रोजगारी सम्बन्धी जानकारी उपलब्ध छ। तर "SNS मार्फत राम्रो सर्तहरुको कामको प्रस्ताव आएर गयौं तर काम पूर्णतः फरक थियो", "सुनेको कुरा र वास्तविकता मेल खाएन", "काम परिवर्तन गरेपछि पनि, अन्ततः काम उपलब्ध भएन" जस्ता धेरै नकारात्मक घटनाहरू देखा परेका छन्, सावधान रहनुहोस्।

आफ्नो देश फर्किसके तापनि जनशक्ति प्रेषण संस्था तथा मानव संसाधन भर्ती कम्पनी आदिबाट रोजगारदाता कम्पनीको जानकारी लिएर रोजगारी खोज्ने व्यक्तिहरू पनि छन्।

## (6) जापानी भाषा परीक्षा र बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षासम्बन्धी जानकारी

| | जापानी भाषा प्रवीणतापरीक्षा | | निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षा |
|---|---|---|---|
| प्रकार | जापानी भाषा प्रवीणताप्रवीणता परीक्षा (JLPT)<br><br>https://www.jlpt.jp/ | जापान फाउन्डेसन जापानी भाषा आधारभूत परीक्षा (JFT-Basic)<br>https://www.jpf.go.jp/jft-basic/ | बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षा<br><br>https://www.j-bma.or.jp/qualification-training/zairyu |
| कार्यान्वयन गरिने देशहरू | जापान र अन्य 90 वटा भन्दा बढी देश वा क्षेत्रहरू | जापान र अन्य12 वटा देशहरू | जापान, इन्डोनेसिया, फिलिपिन्स, थाईल्यान्ड, श्रीलंका आदि। |
| लिइने समय | जुलाई र डिसेम्बर （तर, विदेशमा आयोजित परीक्षा जुलाई वा डिसेम्बर महिनाको एक पटकमात्र पनि हुनसक्छ।) | करिब हरेक महिना | भविष्यमा परीक्षा सञ्चालनको तालिका<br>https://www.j-bma.or.jp/qualification-training/zairyuhttps://www.j-bma.or.jp/qualification-training/zairyu |
| परीक्षा नतिजा घोषणासम्म को अवधि | लगभग 2 महिना | परीक्षाको दिन | परीक्षाको दिन |
| अन्य | मार्क सर्टिफिकेट आवश्यक भएमा तलको लिंकमा जानुहोस्।<br><br>https://www.jlpt.jp/certificate/index.html | परीक्षाको नतिजा परीक्षा सम्पन्न भएको पाँच दिनभित्र बुकिङ वेबसाइटमा हेर्न सक्नुहुन्छ।<br>http://ac.prometric-jp.com/testlist/jfe/index.html | CBT （कम्प्युटर आधारित परीक्षण) जापान प्रवेश प्रक्रियाका लागि उत्तीर्ण प्रमाणपत्र आवश्यक छ।<br><br>उत्तीर्ण प्रमाणपत्र जारी गर्नका लागि आवेदन प्राप्तकर्ता संस्था वा उत्तीर्ण व्यक्ति स्वयंले गर्न सक्छन्। |

## (7) बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षाको तयारी गर्ने तरिका

परीक्षाको तयारीको लागि पाठ्यपुस्तक छ र बिल्डिंग क्लिनिंगको कामबारे राम्रोसँग थाह पाउनको लागि भिडियो आदि छन्। ती सामग्रीहरूलाई सन्दर्भको रूपमा प्रयोग गरौं!

**जापान बिल्डिंग मेन्टेनेन्स संघ द्वारा प्रकाशित तयारी पाठ्यपुस्तक** (जापानी र अन्य 8 भाषाहरू)।
(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://www.j-bma.or.jp/qualification-training/zairyu

**बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षाको संक्षिप्त जानकारीबारे चर्चा गर्ने भिडियो**

(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://www.youtube.com/watch?v=qA0qVg408nM

**बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षाको प्रशिक्षणको लागि भिडियो**

(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://www.youtube.com/watch?v=NMfBxYNpsUA

## (8) बिल्डिंग क्लिनिंग क्षेत्रको निर्दिष्ट प्राविधिक सीप (1) मूल्याङ्कन परीक्षाको विवरण

बिल्डिंग क्लिनिंग क्षेत्र निर्दिष्ट प्राविधिक सीप (1) को मूल्याङ्कन परीक्षामा निर्धारण परीक्षा र प्रयोगात्मक सीप परीक्षा हुन्छन्।

विगतका केही परीक्षा प्रश्नहरू यहाँ दिइएका छन्।

**निर्धारण परीक्षाको उदाहरण (परीक्षा जापानी भाषामा लिइनेछ)**

(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://www.j-bma.or.jp/wp-content/uploads/2019/12/2019tokutei_mondai_v2.pdf

**प्रयोगात्मक सीप परीक्षाको उदाहरण (परीक्षा जापानी भाषामा लिइनेछ)**

परीक्षा केन्द्रमा सफाइ गर्न प्रयोग हुने उपकरणहरू तयार पारिएका हुन्छन्।

परीक्षामा परीक्षार्थीले ती उपकरणहरू प्रयोग गरेर निम्न कार्यको केही अंश वास्तविक रूपमा गर्नेछन्।

(तलको URL वा QR कोडबाट हेर्न सक्नुहुन्छ।)

https://x.gd/SiwL3

■ BMTC भवन व्यवस्थापन प्रशिक्षण केन्द्रद्वारा प्रदान गरिएको ASCF विदेशी कामदार सहायता सेवा

निर्दिष्ट प्राविधिक सीप भएका विदेशी कामदार लिँदा, बिल्डिङ क्लिनिङ क्षेत्रमा BMTC सामान्य कोष भवन व्यवस्थापन प्रशिक्षण केन्द्रले ASCF विदेशी कामदार सहयोग केन्द्र स्थापना गरेको छ। यसले ① उपयुक्त कामदारको परिचय र रोजगारी सहयोग, ② तत्काल काम गर्न सक्ने बनाउन विकास सहयोग, ③ रोजगारी पछिको स्थायित्वको सहयोग प्रदान गर्दछ (संलग्न)।

थप रूपमा, बिल्डिङ क्लिनिङमा मात्र सीमित नराखी, बिल्डिङ उपकरण व्यवस्थापनमा संलग्न विदेशी कामदारलाई समेत समेट्दै, बिल्डिङ मर्मतसम्भार कार्यसम्बन्धी कामदारको रोजगारी, विकास, र स्थायित्वको लागि सहयोग प्रणाली उपलब्ध गराइनेछ।

1. विशेषताहरू

(1) शुल्क लाग्ने रोजगारी परिचय सेवा र दर्ता समर्थन सेवाका लागि अनुमति प्राप्त संस्था।

(2) बिल्डिंग क्लिनिंगसम्बन्धी 50 वर्षको व्यावसायिक प्रशिक्षण अनुभव भएको संस्था।

(3) बिल्डिंग व्यवस्थापनसम्बन्धी राष्ट्रियस्तरको व्यावसायिक प्रशिक्षण अनुभव भएको संस्था।

2. प्रदान गरिने सेवाहरू

(1) विदेशी कामदारको परिचय र रोजगार सम्बन्धी सेवा।

(2) विदेशी कामदारको क्षमता विकास, प्रशिक्षण, र परीक्षा तयारी सेवा।

* BMTC विदेशी कामदार प्रशिक्षण मापदण्ड

① बिल्डिंग क्लिनिंग र भवन उपकरण व्यवस्थापन सम्बन्धी व्यवहारिक प्रशिक्षण र सैद्धान्तिक शिक्षा।

② शैक्षिक सहयोग उपकरणहरू (सोकुनो-शैलीको मांसपेशी प्रशिक्षण, सोकोकारा, कुराकानी सीपहरू, आदि)

(3) विदेशी कामदार (निर्दिष्ट प्राविधिक) को दर्ता सहयोग सेवा।

प्रारम्भिक गाइडन्स, नियमित परामर्श, अनुवाद

(4) विदेशी कामदारको स्वागत सहयोग सुधार सेवा।

① सहकार्य उपकरण (ग्लोकल, स्मार्ट ट्रेनिङ, बिलबडी)

② साझेदार समर्थन उपकरण (CQI, Oyraaa, Leopalace21, विदेशी बसोबास समर्थन आदि)

③ अनुवाद सेवा


3. लक्षित समूहअनुसार सेवाहरू

| | |
|---|---|
| 1) रोजगारदाता कम्पनी | रोजगारी परिचय, शिक्षा, दर्ता समर्थन, र स्वीकार समर्थन सुधार सेवा |
| 2) विदेशी जनशक्ति | शिक्षा, दर्ता समर्थन, र स्वीकार समर्थन सुधार सेवा |
| 3) दर्ता समर्थन संस्था | रोजगारी परिचय, शिक्षा, दर्ता समर्थन, र स्वीकार समर्थन सुधार सेवा |
| 4) पर्यवेक्षण संस्था | रोजगारी परिचय, शिक्षा, र स्वीकार समर्थन सुधार सेवा |
| 5) पठाउने संस्था | रोजगारी परिचय, शिक्षा सेवा |

4. सम्पर्क

< BMTC: सामान्य कोष भवन व्यवस्थापन प्रशिक्षण केन्द्र >

116-0013 टोक्यो-तो, आराकावा-कु, निशी-निप्पोरी 5-12-5 बिल्डिंग मेन्टेनेन्स बिल्डिंग 5 तला
TEL: 03-3805-7575 https://bmtc.or.jp/
< ASCF विदेशी कामदार सहायता सेवा >
सामान्य कोष भवन व्यवस्थापन प्रशिक्षण केन्द्र भित्र
TEL: 03-6806-8685 FAX:03-3805-7578



# 4 जापानमा प्रवेश गर्ने र जीवनयापन गर्नको लागि दिइने सपोर्टको परिचय

"निर्दिष्ट प्राविधिक सीप (1)" अन्तर्गत काम गर्ने खण्डमा रोजगार दिने कम्पनी र त्यस कम्पनीसँग आबध्द दर्ता सहयोग संघ-संस्थाबाट जापानमा प्रवेश गर्ने र जीवनयापन गर्ने सम्बन्धमा निम्न सहयोग लिन सक्नुहुनेछ।

1. तपाईंले रोजगार दिने कम्पनीसँग सम्झौता गरिसकेपछि बसोबास योग्यताको आवेदन दिनुभन्दा पहिले कम्पनीलाई "सम्झौता विवरण र दिइने कामको विवरण" आदिबारे व्याख्या गरी माग्न सक्नुहुन्छ।
2. तपाईं जापान आइपुग्दा कम्पनीको प्रतिनिधिले एयरपोर्टमा तपाईंलाई लिन आई अफिस र घरसम्म पुऱ्याउनेछन्। साथै तपाईं आफ्नो देश फर्किने बेला कम्पनीको प्रतिनिधि एयरपोर्टको सुरक्षा जाँचसम्म तपाईंको साथमा हुनेछन्।
3. कम्पनीको प्रतिनिधि तपाईं बस्ने घरको ग्यारेन्टर हुनेछन् अथवा तपाईंलाई कम्पनीको घर (कम्पनीको फ्ल्याट) मा भाडामा बस्न दिइनेछ। साथै, बैंक खाता बनाउन, मोबाइल फोन, बिजुली र ग्यासको लागि करार गर्न सहयोग गर्नेछन्।
4. कम्पनीको प्रतिनिधिले तपाईंलाई जापानमा चलनचल्तीका नियमहरू र शिष्टाचारबारे सिकाउनेछन्। अनि बस र ट्रेन प्रयोग गर्ने तरिका, भूकम्पजस्ता विपद् आइपर्दा के गर्नु हुन्छ भन्नेबारे सिकाउनेछन्।
5. नगर कार्यालयमा र करसम्बन्धी प्रक्रियाहरूमा जाँदा कम्पनीको प्रतिनिधि तपाईंसँगै गएर साथ दिनेछन्। यसका साथै, अनि प्रक्रियाको फारमहरू भर्ने बेला तपाईंलाई मद्दत गर्नेछन्।
6. कम्पनीको प्रतिनिधिले तपाईंलाई जापानी भाषा पढ्नको लागि विद्यालयको जानकारी दिनेछन्।
7. तपाईंलाई कुनै समस्या छ भने तपाईंको आफ्नै भाषामा परामर्श गर्न र सल्लाह लिन सक्नुहुनेछ।
8. कम्पनीका व्यक्तिहरू नजिकको चाडपर्वमा जानका लागि मार्गदर्शन गर्नेछन्, वा नजिकका जापानीसँग कुराकानी गर्न अवसर सिर्जना गर्नेछन्।
9. तपाईंलाई कम्पनीले छोड्न भनिएमा उक्त कम्पनीले तपाईंलाई अर्को जागिर खोज्न सहयोग गर्नेछ।
10. कम्पनीद्वारा सपोर्ट दिने कामको नेतृत्व लिने व्यक्तिसँग तपाईं नियमित रूपमा मिटिङ गर्नुहुनेछ। यदि काममा कुनै समस्या भयो भने तिनीसित परामर्श लिन सक्नुहुनेछ।

स्रोत: अद्यागमन विभाग "निर्दिष्ट प्राविधिक सीप गाइडबुक" (विदेशी नागरिकको लागि) [3]

[3] अद्यागमन विभाग "निर्दिष्ट प्राविधिक सीप गाइडबुक" (विदेशी नागरिकको लागि) https://www.moj.go.jp/isa/content/930006034.pdf) अन्तिम पहुँच मिति: 2024 अक्टोबर 24

# 5 अन्त्यमा

जापानको "बिल्डिंग क्लिनिंग उद्योग" भनेको यस्तो कार्य हो, जसले भवनभित्रको वातावरणलाई स्वच्छ र सफा राखी स्वास्थ्यको पक्षबाट मानिसहरूको दैनिक जीवनलाई समर्थन गर्छ। स्वच्छ र स्वास्थ्यप्रद वातावरण सिर्जना गर्न र ग्राहकलाई स्वागत गर्ने "ओमोतेनाशी" अहिले विश्वभर गर्व गर्न सकिने जापानी संस्कृतिको रूपमा परिणत भएको छ।

निर्दिष्ट प्राविधिक सीप (1) प्रणालीलाई प्रयोग गरेर जापानको बिल्डिंग क्लिनिंग प्रविधि सिक्दा, तपाईंले ज्ञान प्राप्त गर्न र "जापानमा आफ्नो क्यारियरलाई अगाडि बढाउने" वा "आफ्नो देशमा वातावरणीय व्यवसाय सुरु गर्ने" जस्ता अवसरहरू प्राप्त गर्न सक्नुहुन्छ।

यो बिल्डिंग क्लिनिंग क्षेत्रको कामको बारेमा अझ राम्रो बुझाइ प्राप्त गर्नको लागि, कृपया यस गाइडबुकलाई उपयोग गर्नुहोस्।